# राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि,

# २०७९

नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## सिंहदरबार, काठमाडौं

महिन्द्र राय यादव
मन्त्री

सचिव

# राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०७९

**प्रस्तावनाः** आ.व. २०७९/८० को वार्षिक बजेटमा समावेश भएको राष्ट्रपति महिला उद्यमी समुन्नती पुरस्कार वितरण प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यस कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार सम्झनु पर्छ ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(घ) "महिला उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफै उद्योग/व्यवसाय सञ्चालन गरी अन्य व्यक्तिलाई समेत पूर्ण वा आंशिक रोजगारी प्रदान गर्ने महिला सम्झनुपर्छ ।

३. **पुरस्कार प्रदान गरिनेः** (१) देहाय बमोजिमका कार्यमा योगदान पुर्याउने महिला उद्यमीलाई प्रोत्साहन र सम्मान गरिनेछः-

(क) स्थानीय श्रोत, साधन र सीपको उपयोग गरी परम्परागत रुपमा गर्दै आएका सीपमूलक कार्यलाई व्यवसायिक बनाउने,

(ख) कृषि, गैरकृषि र पर्यटनको क्षेत्रमा रोजगारी सृजना गर्ने,

(ग) उत्पादन र उत्पादकत्व बृद्धि गर्न सहयोग पुऱ्याउने ।

(२) उपदफा (१) बमोजिम प्रोत्साहन र सम्मान गरिने महिला उद्यमीलाई एक लाख रुपैंया र सम्मानपत्र प्रदान गरिनेछ ।

४. **सूचना प्रकाशन गर्नेः** मन्त्रालयले पुरस्कार वितरण गर्ने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको म्याद दिइ सूचना प्रकाशन गर्नेछ। सो सूचना मन्त्रालयको वेवसाइटमा समेत राखुपर्नेछ।

महिन्द्र राय यादव
मन्त्री



सचिव

५. **आवेदन पेश गर्ने:** पुरस्कार प्राप्त गर्न चाहने महिला उद्यमीले दफा (४) बमोजिमको सूचनामा निर्धारित अवधिभित्र अनुसूची - १ बमोजिमको ढाँचामा सम्बन्धित प्रदेश मन्त्रालयमा आवेदन पेश गर्नु पर्नेछ।

६. **योग्यता:** देहायको योग्यता पुगेको नेपाली महिला पुरस्कार प्राप्त गर्नको लागि योग्य मानिनेछ :-

(क) उच्च नैतिक चरित्र भएको,

(ख) आफ्नै नामबाट उद्योग दर्ता गरी व्यवसाय सञ्चालन गरिरहेका,

(ग) विगत तीन वर्षदेखि निरन्तर रुपमा उद्योग/व्यवसाय सञ्चालन गरेका,

(घ) स्थानीय स्तरमा भएका स्रोत र साधनको प्रयोग गरी स्थानीय जनशक्तिलाई रोजगारी दिएको,

(ङ) आफ्नो उद्यममा श्रम सम्बन्धी प्रचलित कानूनहरुको पालना गरेका र लैङ्गिक मैत्री वातावरण कायम गराएका,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको,

७. **छनौट तथा सिफारिस** (१) सम्बन्धित प्रदेशको मन्त्रालयले पुरस्कार सिफारिस गर्ने प्रयोजनका लागि सिफारिस समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश मन्त्रालयले छनौट तथा सिफारिस समिति गठन नगरेमा सोही मन्त्रालयले निर्णय गरी पुरस्कारको लागि सिफारिस गर्न सक्नेछ।

(३) सम्बन्धित प्रदेश मन्त्रालयले आवेदकमध्येबाट आवेदन दिने म्याद समाप्त भएको मितिले १५ दिन भित्र अनुसूची -२ बमोजिमको मूल्याङ्कनको आधारमा उच्च अङ्क प्राप्त गरेका एक/एक जना महिला उद्यमीलाई पुरस्कारको लागि छनौट गरी सिफारिस गर्नेछ।

(४) समितिले पुरस्कारको लागि महिला उद्यमी छनौट तथा सिफारिस गर्दा निष्पक्ष, पारदर्शी तथा उत्तरदायी रुपमा गर्नु पर्नेछ।

८. **विवरण उपलब्ध गराउनु पर्ने:** प्रदेश मन्त्रालयले दफा ६ बमोजिम पुरस्कारको लागि सिफारिस भएका महिला उद्यमीको देहाय बमोजिमको विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछः-

(क) नागरिकताको प्रतिलिपि,

(ख) दुई प्रति पासपोर्ट साईजको फोटो

(ग) उद्योग/व्यवसाय सम्बन्धी विवरण ।

महिन्द्र राय यादव
मन्त्री

सचिव

९. **पुरस्कार प्रदान गर्ने प्रक्रिया:** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम पुरस्कार प्रदान गर्दा दफा ७ को उपदफा (३) बमोजिम प्रदेश मन्त्रालयबाट सिफारिस भइ आएका ७ जना महिला उद्यमीलाई पुरस्कार प्रदान गर्ने घोषणा गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि घोषणा भएका महिला उद्यमीलाई राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा पुरस्कार तथा सम्मानपत्र प्रदान गरिनेछ ।

१०. **छनौट नगरिने:** मन्त्रालयबाट एक पटक पुरस्कार प्राप्त गरिसकेका महिला उद्यमीलाई छनौट प्रक्रियामा समावेश गराइने छैन ।

११. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्नेछ।

महिन्द्र राय यादव
मन्त्री

सचिव

अनुसुची -१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

फोटो

श्री ................................ मन्त्रालय

........................ ।

विषयः <u>सिफारिस सम्बन्धमा।</u>

महोदय,

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति ............ मा प्रकाशित सूचना बमोजिम पुरस्कारबाट सम्मानित हुन पाँउ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. नाम थरः क) नेपालीमा -

ख) अंग्रेजीमा -

२. स्थायी ठेगानाः सम्पर्क नं.

३. अस्थायी ठेगानाः इमेल ठेगानाः

४. उद्योग व्यवसायको नामः

५. उद्योग/व्यवसायको विवरणः

६. उद्योगको प्रकृति र कार्यक्षेत्रः

७. भौगोलिम कार्यक्षेत्रः जिल्ला ................. महा/उपमहा/नपा/गापा...........................

**संलग्न कागजातहरुः**

(क) उद्योग संचालक महिलाको नागरिकताको प्रतिलिपि

(ख) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(ग) नवीकरण गरेको कागजात

(घ) परिचय खुल्ने अन्य कुनै कागजात

(ङ) उद्योग व्यवसायको गत आ.व.को करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि

(च) रोजगारी प्रदान गरेको विवरण संख्या

(छ) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण

(ज) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको)

सचिव

महिन्द्र राय यादव
मन्त्री

माथि उल्लेख गरिएका र संलग्न गरिएका कागजात तथा सामाग्री सबै साँचो हुन् र यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस गर्न नमिल्ने कुनै पनि अवस्था नभएको व्यहोरा घोषणा गर्दछु र मलाई पुरस्कारको लागि सिफारिस गरिदिन हुन अनुरोध गर्दछु ।

सचिव

महिन्द्र राय यादव
मन्त्री

............................
निवेदकको नाम र दस्तखत

अनुसूची - २

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

**मूल्याङ्कनको आधार**

| सि.नं | मूल्याङ्कनका आधार | अधिक्तम अंक | न्यूनतम अंक | पुष्ट्याई | जम्मा |
|---|---|---|---|---|---|
| १. | रोजगारी संख्या | १५ | ५ | १० जना भन्दा बढीलाई रोजगार प्रदान गरेको भएमा अधिकतम अङ्क दिने | |
| २. | रोजगार प्राप्त महिलाको संख्या | १५ | ५ | सबै रोजगारी प्राप्त गर्ने महिला भएमा अधिकतम अङ्क दिने | |
| ३. | उद्योग सञ्चालन अवधि | १० | ५ | वर्ष अनुसार अङ्क बढाउने (तीन वर्ष पूरा भए न्यूनतम र तीन वर्ष भन्दा बढी भएमा प्रत्येक वर्ष १ अङ्कको दरले बढाउने) | |
| ४. | महिलाहरुलाइ उद्यमी बनाउन सहयोगी कार्यक्रम सञ्चालन गरेको | १० | ५ | लेवलिङ, प्याकेजिङ, बजारीकरण, सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने कागजात | |
| | **जम्मा अंक** | **५०** | **२०** | | |

महिन्द्र राय यादव
मन्त्री